# संवत् २०७७ साल भाद्र ०६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरु

| क्र.सं | सम्बन्धित मन्त्रालय | निर्णय |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री लक्ष्मी कुमारी वस्नेतलाई आर्थिक अधिकार समेत प्रयोग गर्ने गरी निमित्त प्रमुख सचिव तोक्ने र सोको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिने। |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रिपरिषद्मा पेश हुने कानूनी दस्तावेजहरुको अध्ययन गरी राय सुझाव दिनका लागि देहायबमोजिमको समिति गठन गर्ने:<br>सचिव(कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक<br>सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य<br>सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य<br>सचिव, सम्बन्धित मन्त्रालय -सदस्य |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेशभित्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, क्रसिङ्ग र बिक्रिवितरण तथा क्रसर उद्योगको अनुगमन गरी काम शुरु गरेको १५ दिनभित्र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्न देहायबमोजिमको उच्चस्तरीय अनुगमन समिति गठन गर्ने:<br>मन्त्री, आन्तरिक मामिला तथा कानून -संयोजक<br>मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण -सदस्य<br>सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य<br>सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य<br>सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य<br>प्रहरी नायव महानिरीक्षक, कर्णाली प्रदेश प्रहरी कार्यालय -सदस्य<br>निर्देशक, वन तथा वातावरण निर्देशनालय -सदस्य-सचिव |
| ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रत्यायोजन गरिएको अधिकार बमोजिम भएका कार्यक्रम संशोधन अनुमोदन गर्ने। |
| ५ | भौतिक पर्वाधार विकास मन्त्रालय | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप निर्णयहरु सम्बन्धित मन्त्रालयबाट उपलब्ध हुनेछन्।